नेपाल सरकार

# शहरी विकास मन्त्रालय

फोन नं.: ४२११६७३
४२११५६०
४२११८८३
फ्याक्सः ९७७-१-४२००२४६
सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

नेपाल सरकार शहरी विकास मन्त्रालय सिंहदरबार काठमाडौं

## प्रेस विज्ञप्ति

यस मन्त्रालयसँग सम्बन्धित "१२ स्मार्ट सिटीलाई बजेट सुनिश्चित" विषयमा मिति २०७८ बैशाख ४ गते राष्ट्रिय दैनिक कान्तिपुरमा समाचार प्रकाशित भएकोप्रति यस मन्त्रालयको गम्भीर रुपमा ध्यानाकर्षण भएको छ ।

विभिन्न शहरहरुलाई स्मार्ट सिटीको रुपमा विकास गर्ने नेपाल सरकारको नीति अनुसार धनकुटा, काभ्रे उपत्यका, मिर्चैया, निजगढ, लुम्बिनी, चन्द्रपुर, भरतपुर, पालुङ्गटार, वालिङ्ग, दुल्लु, तुलसीपुर, टिकापुर र अमरगढीलाई स्मार्ट सिटीका रुपमा विकास गर्ने कार्य निरन्तर अगाडि बढिरहेको छ ।

उक्त शहरहरुमध्ये बाराको निजगढ, चितवनको भरतपुर, गोरखाको पालुङ्गटार र कैलालीको टीकापुरलाई स्मार्ट सिटीको सूचीबाट हटाइएको भन्ने गरी प्रकाशित समाचार भ्रामक र कपोलकल्पित रहेकोले स्पष्ट पारिएको छ ।

यस्ता सम्वेदनशील विषयमा भ्रम सिर्जना हुने गरी समाचार प्रकाशन नगर्न, समाचार प्रकाशन गर्दा सम्बन्धित निकायका आधिकारिक पदाधिकारीबाट सत्य तथ्य विवरण लिई यथार्थ सूचना सम्प्रेषण गर्नुहुन र यस्ता भ्रामक समाचारहरुबाट भ्रममा नपर्न समेत सर्वसाधारणलाई मन्त्रालय अनुरोध गर्दछ ।

धन्यवाद ।

प्रवक्ता
शहरी विकास मन्त्रालय